# लोक सेवा आयोग

## नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।१०।०७

समयः ३ घण्टा | पत्रःद्वितीय | पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. मुलुक योजनाबद्ध विकासको क्रममा अहिले १६ औं पञ्चवर्षीय योजना तर्जुमाको संघारमा उभिएको छ। मुलुकको शासन प्रणाली एकात्मकबाट संघात्मक शासन प्रणालीमा रूपान्तरित भइसकेको छ। प्रदेशस्तरमा प्रदेश नीति तथा योजना आयोग गठन भई ती प्रदेशहरूमा पनि योजनाबद्ध विकासको थालनी भएको छ। कतिपय नगरपालिकाले आफ्नै शहरी योजना आयोगसमेत गठन गरेका छन्। विगत पाँच वर्षको कार्यसम्पादन हेर्दा संघ, प्रदेश र स्थानीय तहबीचको योजना निर्माण तथा समन्वयमा समस्या देखिएको छ। मुलुकले योजनाबद्ध विकासको थालनी गरेको ६७ वर्षको अवधिमा कुनै पनि योजनाले परिलक्षित उद्देश्य अनुरुप नतिजा दिन सकेका छैनन्। यस्तो अवस्थामा संघीय शासन प्रणाली अनुरुप योजनाबद्ध विकासको लागि हाल १६ औं योजना तर्जुमा गर्न मुलुक लागिपरेको छ। अर्कोतर्फ खुला र बजारमुखी अर्थ व्यवस्था अवलम्बन गर्ने मुलुकहरू यस्ता आवधिक योजना तर्जुमा गर्ने योजनाबद्ध विकासको विकल्प खोज्दै छन्। छिमेकी मुलुक भारतले राष्ट्रिय योजना आयोग खारेज गरेर नीति सल्लाहकारको रुपमा नीति आयोग गठन गरेको छ। हामी कहाँ पनि राष्ट्रिय योजना आयोगलाई नीति आयोगमा रुपान्तरण गर्न अध्ययन नै भएको थियो। त्यसैको आधारमा साबिक राष्ट्रिय योजना आयोगलाई पुनर्संरचना गरी अहिलेको रुपमा ल्याइएको हो। यसले अझै पनि नेपालमा योजनाबद्ध विकासको सान्दर्भिकता छ र राष्ट्रिय योजना आयोगले सबै तहका योजना आयोग/योजना इकाईसँग समन्वय गरी राष्ट्रिय योजना तर्जुमा गर्नु पर्दछ भन्ने सरकारको नीति रहेको देखाउँछ। प्रस्तुत सन्दर्भमा नेपालको योजना कार्यान्वयन सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय र जवाफदेहीतामा रहेका विद्यमान समस्याहरुको विश्लेषण गर्दै प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा/ निर्माणमा मार्गदर्शक र नतिजामूलक योजनाको रुपमा १६ औं योजनालाई स्थापित गर्न योजना तर्जुमाका आधारहरू के कस्ता हुनुपर्दछ ? नतिजामूलक योजना प्रणालीतर्फ केन्द्रित रही तर्कयुक्त राय प्रस्तुत गर्नुहोस्। 7+8=15

२. अत्यावश्यक सार्वजनिक र एकाधिकार रहेका वस्तु वा सेवाको उत्पादन, वितरण र व्यवस्थापन गर्न सार्वजनिक संस्थानको भूमिका महत्वपूर्ण रहेको हुन्छ। सार्वजनिक संस्थानको कुशल र प्रभावकारी व्यवस्थापन गरी अत्यावश्यक, सार्वजनिक र एकाधिकार रहेका वस्तु तथा सेवाको प्रतिस्पर्धी, गुणस्तरीय तथा सर्वसुलभ गर्ने लक्ष्यका साथ सञ्चालनमा रहेका सार्वजनिक संस्थानहरूले व्यवसायिक र प्रतिस्पर्धात्मक क्षमता प्रदर्शन गर्न सकेका छैनन्। सार्वजनिक संस्थानहरूले राखेका उद्देश्य र प्रवाह गर्नुपर्ने सेवाहरू गुणस्तरयुक्त, भरपर्दो, विश्वसनीय एवं प्रभावकारी हुन सकेको पनि देखिँदैन। संघीयता अवलम्बनपछि पनि सार्वजनिक संस्थानहरूमा सुधार हुन सकेको पाइदैन। नेपाल सरकारले गरेको लगानीको प्रतिफल दिन नसकी कतिपय सार्वजनिक संस्थानहरू मुस्किलको अवस्थामा रहेका देखिन्छन्।
प्रस्तुत सन्दर्भमा सार्वजनिक संस्थानहरूको विद्यमान कानूनी, नीतिगत र व्यवहारगत समस्याहरु विश्लेषण गरी कार्यदक्षता, औचित्यता, व्यवसायिकता र आवश्यकताका आधारमा सार्वजनिक संस्थानहरुलाई के कसरी लागत प्रभावी र प्रभावकारी बनाउन सकिन्छ ? सुझाबहरु प्रस्तुत गर्दै सुझाब कार्यान्वयनका लागि चाहिने नेतृत्व र कार्यवातावरण कस्तो हुनुपर्छ ? विवेचनात्मक प्रस्तुति दिनुहोस्। 6+7+7=20

क्रमशः

३. निजामती सेवाको वृत्ति विकासको अत्यन्त महत्वपूर्ण पक्ष भनेको कार्यसम्पादन मूल्याङ्कन पनि हो । यसमा मूल्याङ्कनका आधारहरू प्रत्यक्षरुपमा कार्यसम्पादनसँग सम्बन्धित र वस्तुपरक भएन भने हचुवा र अवास्तविक हुन्छ । निजामती सेवा ऐन, २०४९ ले व्यवस्था गरेका कार्यसम्पादन मूल्याङ्कनका आधारहरू वस्तुगत नभई सबै सेवा समूहलाई एउटै डालोमा राखेर मूल्याङ्कन गरिने, कार्यसम्पादनको नतिजासँग आबद्ध नहुने, हाकिमको नजिक रहनेले खुसी बनाएर धेरै अंक पाउन सक्ने, वास्तविक रुपमा काम गर्नेको सही मूल्याङ्कन नहुने जस्ता कमीकमजोरी स्वयम् निजामती सेवाभित्रैबाट र विशेषज्ञहरूले समेत औँल्याएका छन् । हुन पनि कार्यसम्पादनको मापन गर्ने र यसको नतिजा देखाउने वस्तुगत आधार र सूचकांक नहुँदा केही मूल्याङ्कनकर्ताको नजरबाट नकारात्मक भावले हेरिएका बाहेक सबैले वार्षिक कार्यसम्पादन मूल्याङ्कन वापतको अंक पूर्णाङ्क बराबर नै पाउने गरेका छन् । यसले कार्यक्षमताको आधारमा हुने बढुवा एवं जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवामा कुनै भेद देखिएको छैन । बढुवाका सम्भावित उम्मेदवार "म कहिले बढुवा हुन्छु" भनेर जेष्ठताको नम्बरमा बढी ध्यान दिन्छन् न कि कार्यसम्पादनमा । त्यसैले, विद्यमान कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा पुनरावलोकन अपरिहार्य देखिन्छ ।

प्रस्तुत अवस्थामा वर्तमान कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा देखिएका कमीकमजोरीहरू केलाउनुहोस् । साथै, आगामी दिनमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई समयसापेक्ष, कार्यसम्पादनमा आधारित, कार्यक्षमतालाई वस्तुपरक एवं मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक बनाउन संघीय निजामती सेवा ऐनमा र प्रदेश एवं स्थानीय सेवामा के कस्तो व्यवस्था गर्न आवश्यक देख्नुहुन्छ ? विश्लेषणात्मक टिप्पणी सहितको कार्ययोजना प्रस्तुत गर्नुहोस् । 5+10+5=20

४. राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटोछरितो, सरल एवं न्यायिक रुपमा उपलब्ध गराई आम नागरिकलाई शासनको सुखद अनुभूति दिलाउनुलाई नै सुशासनको रुपमा बुझ्ने गरिन्छ । नेपालको संविधान तथा कानूनहरूमा पनि मुलुकमा सुशासनको प्रत्याभूत गर्ने विभिन्न प्रावधानहरू रहेका छन् । सार्वजनिक जीवनमा सुशासनको मुद्दा अत्यधिक चर्चामा रहे तापनि मुलुकमा सुशासनको अवस्था भने निकै कमजोर छ । ट्रान्सपरेन्सी ईन्टरनेशनल जस्ता अन्तर्राष्ट्रियस्तरमा भ्रष्टाचार अनुभूति मापन गर्ने संस्था, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय लगायतका अन्तर्राष्ट्रिय तथा निगरानीमूलक निकायहरूबाट अध्ययन गरिएका प्रतिवेदनहरूले पनि नेपालमा सुशासनको अवस्था निकै कमजोर रहेको देखाएका छन् । यस परिप्रेक्ष्यमा हेर्दा असल शासनका लागि सार्वजनिक निकायले प्रदान गर्ने सेवा अपेक्षित रुपमा स्वच्छ, निष्पक्ष, पारदर्शी, प्रभावकारी र नतिजामूलक हुन सकेको छैन भन्ने तथ्यलाई छर्लङ्ग देखाएको छ ।

राष्ट्रिय योजना आयोगले हालै प्रकाशित गरेको पन्ध्रौं योजनाको मध्यावधि मूल्याङ्कनले समेत विधिको शासन र भ्रष्टाचार नियन्त्रणमा लक्ष्य प्राप्त गर्न कठिन रहेको देखाएको छ । विधिको शासन सूचकाङ्क र भ्रष्टाचार अनुभूति सूचकाङ्कमा मुलुकले खासै सुधार गर्न सकेको छैन । सुशासनका महत्वपूर्ण खम्बाको रुपमा रहेका सुशासन प्रवर्द्धन गर्ने यी महत्वपूर्ण सूचकहरूमा लक्ष्य प्राप्त गर्न कठिन देखिनुले मुलुकमा सुशासनको अवस्था गम्भीर रहेको देखिन्छ ।

प्रस्तुत सन्दर्भमा नेपालको संघीय, प्रदेश र स्थानीय तहमा विद्यमान सुशासनको अवस्थाको समीक्षा गरी विधिको शासन र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा नेपालको अवस्था कमजोर रहनुका कारणहरूको पहिचान गर्दै नीतिगत, कानूनी र कार्यान्वयन स्तरमा गर्नुपर्ने सुधारहरूका लागि सुझावहरु प्रस्तुत गर्नुहोस् । 6+6+8=20

क्रमशः

५. राष्ट्रिय भूमि नीति, २०७५ ले देशको समग्र भूमिलाई विभिन्न उपयोग क्षेत्रमा वर्गीकरण गरी दिगो एवं व्यवस्थित उपयोग गर्ने, भू-उपयोग योजना कार्यान्वयनमा ल्याउने, कृषियोग्य जमीनको खण्डीकरणलाई नियन्त्रण गर्ने नीति लिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने र स्थानीय तहको पूर्व स्वीकृति नलिई भवनको लागि जग्गाको खण्डीकरण गर्न नपाइने व्यवस्था रहेको छ। नेपाल सरकारबाट स्वीकृत बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण (दोश्रो संशोधन) मापदण्ड, २०७८ मा भवन निर्माणको लागि जग्गाको खण्डीकरण गर्दा स्थानीय तहबाट योजना अनुमति लिनुपर्ने र यस्तो योजनामा प्रस्ताव गरिएको जमीनको १५ प्रतिशत खुला स्थानको लागि र ५ प्रतिशत सडकको लागि छुट्याउनुपर्ने, त्यस्तो जमीनमा प्रस्तावकर्ताले नै आफ्नै खर्चमा सडक, ढल, विद्युत पोल, खानेपानी जस्ता सार्वजनिक संरचना निर्माण गर्नुपर्ने र यस्ता सार्वजनिक संरचना रहने जमीन नेपाल सरकारको स्वामित्वमा रहने जस्ता मापदण्डहरू रहेको छ। यी कानूनी र नीतिगत व्यवस्था राम्रा र उपयोगी छन् तापनि कार्यान्वयन एवं पालनाको पक्ष भने कमजोर देखिएको छ। मुलुकभर मापदण्ड तथा कानून विपरीत जग्गाको अनियन्त्रित खण्डीकरण भई कृषियोग्य जमीनको विनाश हुने क्रम रोकिन सकेको छैन। भू-उपयोग नियमावली, २०७९ अनुसार स्थानीय तहले भू-उपयोग क्षेत्र निर्धारण गर्नुपर्नेमा अधिकांश स्थानमा कृषियोग्य जमिनलाई समेत आवासीय जग्गामा वर्गीकरण गरिएको छ। जग्गाको अनियन्त्रित खण्डिकरणका कारण काठमाडौं उपत्यका, पोखरा लगायत स्थानका उर्वर भूमि कंक्रिटको जंगलमा परिणत हुँदै गएका छन्। पहाडी क्षेत्रमा खेतीयोग्य क्षेत्र वा नदी किनारमा रहेका मलिला धानखेत बीचबाट सडक निर्माण गरिएकाले बस्तीहरू सडक आसपास सरी उक्त स्थानका खेतीयोग्य जमीनको विनाश हुन गएको छ।

माथि दिइएको मामलाको तथ्यपरक विश्लेषण सहित देहायका प्रश्नहरूको उत्तर दिनुहोस्। 5+7+8+5=25

क) नेपालमा भू-उपयोग सम्बन्धी हालको अवस्था र यसले ल्याएका परिणामहरूको विश्लेषण गर्नुहोस्।

ख) वैज्ञानिक र नागरिकमैत्री भू-उपयोग प्रणालीको कार्यान्वयनमा रहेका अवरोधहरूको पहिचान गर्नुहोस्।

ग) जमीनको अनियन्त्रित खण्डीकरणलाई नियन्त्रण गरी व्यवस्थित बस्तीको विकास र कृषियोग्य जमीनको संरक्षणमा रहेका सम्भावित अवरोधलाई हटाउन अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी तथा कार्यगत सुझाब दिनुहोस्।

घ) उक्त सुझाबहरुको कार्यान्वयनका लागि कार्ययोजना समेत प्रस्तुत गर्नुहोस्।

««« समाप्त »»»